DeKalb County School District (DCSD) का परिवारहरूलाई अभिवादन,

मैले आशा गरेकी छु कि आगामी हप्ताहरू विगतका हप्ताहरू जत्तिकै, होइन भने त्यो भन्दा पनि बढी फलदायी बनोस् तथा खुसीयाली साथ बितोस् ।

गत हप्ताको क्षेत्रीय/सामुदायिक भर्चुअल टाउन हल बैठकमा उपस्थित भएका व्यक्तिहरूलाई म मुरी-मुरी धन्यवाद दिन चाहन्छु । शैक्षिक वर्ष 2021-2022 को तयारी गर्न हाम्रा कर्मचारीहरू लगनशीलताका साथ काम गरिरहेका छन् र हाम्रो योजना प्रक्रियामा हाम्रा विद्यार्थी, परिवार तथा शिक्षकहरूका सुझावहरू महत्त्वपूर्ण छन् । आफ्नो व्यस्त समयतालिकाबाट समय निकालेर बैठकमा सहभागी हुनु हुने र महत्त्वपूर्ण सुझाव दिनु हुने सबैजनालाई धन्यवाद छ ।

तपाईंलाई थाहा छँदैछ, हामी विद्यार्थी तथा शिक्षक दुवैका आवश्यकताहरूको बारेमा विचार गरिरहेका छौं । अर्को शैक्षिक वर्षको तयारी गर्दै गर्दा, के कुरा महत्त्वपूर्ण छ भने हामीले निरन्तर रूपमा विद्यार्थी नतिजामा ध्यान केन्द्रित गर्नु पर्दछ र अर्को वर्ष सबै विद्यार्थीहरूका लागि 5 दिनको पूरा समयको शिक्षणको योजना बनाउनु पर्दछ । यसका अतिरिक्त, हामी माध्यामिक तथा उच्च विद्यालयका विद्यार्थीहरूलाई भर्चुअल रिमोट लर्निङको विकल्प प्रदान गर्न FLEX Academy लाई विस्तार गर्ने कुरामा पनि ध्यान केन्द्रित गर्ने छौं ।

थप जानकारी उपलब्ध भएसँगै हामी तपाईंलाई उक्त जानकारी प्रदान गर्ने छौं ।

**खुसीको खबर**

म हरेक पटक हाम्रा विद्यालयहरू र हाम्रो समुदायमा उत्कृष्ट काम गर्ने हाम्रा विद्यार्थी तथा कर्मचारीहरूको सम्मान गर्न पाउँदा उत्साहित हुने गरेकी छु । यो हप्ता फरक रहेन ।

Georgia United Foundation बाट छात्रवृत्ति प्राप्त गरेका तीनजना विद्यार्थीहरूलाई बधाई छ! हामी तपाईं प्रति अत्यन्तै गर्व गर्छौं ।

Chamblee Charter High School का ग्रेड बाह्रका विद्यार्थी Sam Woodsen लाई बधाई छ । उनी Gates Scholar को रूपमा छनौट भएका थिए । Sam देशभरिका 34,900 आवेदकहरूको समूहबाट छानिएका 300 विद्यार्थीहरू मध्येका एक विद्यार्थी हुन् । यो उत्कृष्ट सम्मानका लागि बधाई छ !

शिक्षा परिषदद्वारा 2021 का Georgia का उत्कृष्ट विद्यार्थीहरूको मान्यता पाएका 17 विद्यार्थीहरूलाई धन्यवाद छ । यो उत्कृष्ट उपलब्धि तथा सम्मान हो । विश्वव्यापी महामारी चलिरहेको समयको बीचमा पनि, यी विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापहरूमा शैक्षिक तथा सामाजिक रूपमा अग्रणी भइरहेका छन् । यो सम्मान प्राप्त गरेकोमा हामी उनीहरू प्रति एकदमै गौरवान्वित छौं !

साथै, हामी Tucker High School की पाक कला शिक्षिका Allysa McCarthy लाई पनि बधाई दिन चाहन्छु । उहाँ Rotary Club of Tucker को 2020-2021 को उत्कृष्ट शिक्षकको रूपमा छनौट हुनु भएको थियो । उत्कृष्ट शेफ निर्माण गर्ने तपाईंको प्रयासका लागि तपाईंलाई धन्यवाद छ ।

**वर्ष कर्मचारी**

2020-2021 का हाम्रा उत्कृष्ट कर्मचारीहरूलाई बधाई छ ! हरेक दिन, हाम्रा डिस्ट्रिक्टका कर्मचारीहरूले हरेक विद्यार्थीले कक्षा भित्र र बाहिर उत्कृष्ट बन्ने अवसर पाउँछन् भनेर सुनिश्चित गर्न आफ्नो प्रतिभा, समर्पण तथा उत्साह देखाउनु हुन्छ । हाम्रा विद्यार्थी तथा डिस्ट्रिक्टका लागि तपाईंले गरेका सबै कामहरूका लागि तपाईंलाई धन्यवाद दिन चाहन्छु ।

**शिक्षक मूल्याङ्कन सप्ताह**

यो सप्ताह, DCSD शिक्षक मूल्याङ्कन सप्ताह मनाइरहेको छ। म विद्यार्थी तथा डिस्ट्रिक्टका लागि गरेको सबै कामका लागि हाम्रा सबै शिक्षकहरूलाई धन्यवाद दिन चाहन्छु। तपाईंको कडा मेहनत, समर्पण तथा सर्जनशीलतालाई याद नगर्ने कुरै हुँदैन। डिस्ट्रिक्ट शिक्षकहरू बिना सफल बन्न सक्दैन ! तपाईंको धेरै सराहना गरिन्छ !

कृपया हामीलाई हाम्रो सामाजिक सञ्जालमा फलो गर्नुहोस् र शिक्षकहरूको प्रशंसा गर्ने कुरा पोस्ट गर्नुहोस्।

**ग्रीष्मकालीन MOSAIC अध्ययन कार्यक्रम**

हामीले अर्को शैक्षिक वर्षको तयारी गर्दै गर्दा म हाम्रा विद्यार्थीहरूलाई DCSD को ग्रीष्मकालीन MOSAIC अध्ययन कार्यक्रमबाट फाइदा लिन प्रोत्साहित गर्दछु। यो कार्यक्रमले शैक्षिक सुधार, शैक्षिक बढोत्तरी, शैक्षिक विकास तथा सामाजिक भावनात्मक शिक्षा मार्फत — स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्मलाई आत्मसात् गर्छ। स्कूल डिस्ट्रिक्टको शैक्षिक मर्म हाम्रा विद्यार्थी, हाम्रा शिक्षकहरू, र अध्ययन र अध्यापन गराइने सामाग्रीमा केन्द्रित हुन्छ।

हाम्रो लक्ष्य भनेको अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू, अशक्तता भएका विद्यार्थीहरू, तथा प्रतिभावान् विद्यार्थी लगायतका सबै विद्यार्थीहरूलाई संलग्न गराउनु हो। भौतिक, मिश्रित तथा भर्चुअल सिकाइ मार्फत, विद्यार्थीहरूले शिक्षकले नेतृत्व गरेको शिक्षणबाट र विद्यार्थीद्वारा सञ्चालित कक्षाहरूबाट लाभ उठाउँदै वास्तविक, आकर्षक, तथा अर्थपूर्ण अनुभवहरूमा सहभागी हुन्छन् जुन जानेबुझेरै गरिन्छ।

कार्यक्रमको बारेमा थप जानकारी हासिल गर्न र दर्ता गर्न यहाँ क्लिक गर्नुहोस्।

**ग्राजुएसन**

ग्राजुएसन गर्ने समय आइसेकको छ, तपाईं पत्याउनुहुन्छ ? ग्रेड बाह्रका विद्यार्थीहरूले ग्राजुएट गर्ने तयारी गर्दै गर्दा र भविष्यको योजना बनाउँदै गर्दा म उनीहरू सबैलाई बधाई दिन चाहन्छु। हामी तपाईं माथि गर्व गर्छौं र तपाईंसँग मे 22-28 सम्म चल्ने ग्राजुएसन समारोह मनाउन उत्सुक छौं ! कृपया ग्राजुसनसम्बन्धी समाचार तथा अद्यावधिकहरू तथा समारोह हेर्न ग्राजुएसन केन्द्र को हाम्रो वेबसाइटमा जानुहोस्।

म विद्यार्थीहरूलाई PowerSchool को बारेमा थाहा छ भनेर पनि निश्चिन्त हुन चाहन्छु। यसले हालसालै Naviance लाई प्राप्ति गरेको हो। यो प्राप्तिले विद्यार्थीहरूलाई विद्यालय पछिको जीवनका लागि वैयक्तिक तथा समान अवसरहरूमा अझ बढी पहुँच प्रदान गर्नेछ। एकीकृत विद्यार्थी जानकारी तथा शैक्षिक व्यवस्थापन प्रणालीलाई उत्कृष्ट कलेज, पेशा तथा जीवनसँग जोडेर, तयारी प्लेटफर्मले प्रत्येक बच्चालाई उनीहरूको यात्रामा सहयोग गर्न आवश्यक पर्ने जानकारी तथा उपकरणहरू प्रदान गर्छ।

थप जानकारीका लागि, यहाँ क्लिक गर्नुहोस्।

**बृहत् गुरुयोजना**

कृपया बृहत् गुरुयोजनाको टाउन हल बैठकको लागि मे 4 गते, बेलुका 6 बजे देखि 7 बजेसम्म हामीसँग जोडिनुहोस् । DCSD को बृहत् गुरुयोजनामा विद्यालय तथा प्रशासनिक परिसरका साथै डिस्ट्रिक्टको अभियानमा सहयोग पुर्याउने पूर्वाधार जाँच गर्ने कुरा समावेश गरिएको छ । यो प्रक्रियामा क्रममा विद्यालय परिसरको सम्बन्धमा तथ्याङ्क सङ्कलन गरिनेछ । उक्त तथ्याङ्क Educational Special Purpose Local Option Sales Tax (E-SPLOST) परियोजनाको सूचीका प्राथमिकताहरू विकास गर्न प्रयोग गरिनेछ ।

उक्त बैठक यहाँ बाट पहुँच गर्न सकिन्छ ।

**यातायात विभिगको भ्रमण**

गत हप्ता, यातायात विभागले मेरो लागि DCSD को यातायात सञ्चालन कार्यालय तथा Gregory K. Davis Fleet Service Center को भ्रमण गर्ने अवसर जुटायो । बस सञ्चालक, मेकानिक तथा यातायात कर्मचारीहरू सहित यातायात विभागलाई धन्यवाद छ । यो टोलीले 1,100 वटा भन्दा धेरै बसहरूको सेवा प्रदान गर्छ र विद्यार्थीहरूलाई सुरक्षित तरिकाले यातायात प्रदान गरिन्छ भनेर सुनिश्चित गर्छ । उनीहरू कार्यालयमा आउने पहिलो व्यक्ति हुन् !

हाम्रा विद्यार्थीहरूलाई सुरक्षित साथ विद्यालय ल्याएकोमा यातायात विभागका कर्मचारीहरूलाई धन्यवाद छ । डिस्ट्रिक्ट तपाईंहरूले गरेको सबै काम प्रति आभारी छ !

**ELL कन्फरेन्स**

म अप्रिल 24 मा आयोजना गरिएको A.C.E. English Learner Leadership (ELL) को भर्चुअल कन्फरेन्स मा सहभागी भएका सबै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु । यो कन्फरेन्समा प्यानलिस्टहरूले पहुँच, समता, तथा नियम पालनको बारेमा छलफल गरेका थिए । उत्कृष्ट अनुभव प्रदान गरेकोमा क्रियाशील वक्ताहरूलाई धन्यवाद छ !

यो उत्कृष्ट कन्फरेन्स आयोजना गरेकोमा अङ्ग्रेजी भाषा अध्ययन विभागलाई धन्यवाद छ ।

**विद्यालय पुस्तकालय महिना**

DCSD ले हाम्रा विद्यालयका लाइब्रेरियनको सम्मानमा अप्रिल महिनालाई “विद्यालय पुस्तकालय महिना” को रूपमा अन्त्य गर्यो । विद्यालय पुस्तकालय महिनाले हाम्रा विद्यालय तथा समुदायहरूलाई शिक्षालाई रूपान्तरण गर्ने विद्यालयका लाइब्रेरियनको भूमिकालाई सराहना गर्ने अवसर प्रदान गर्न दिन्छ ।

विद्यालयका लाइब्रेरियनहरू विद्यार्थीहरूमा पठन तथा अध्ययनको मोह जगाउन महत्त्वपूर्ण हुन्छन् , र DCSD तपाईंहरूको योगदानका लागि तपाईंहरू प्रति आभारी छ ।